**बैठक संख्या: १३**

आज मिति २०८१।०२।१७ गतेका दिन शिवराज नगरपालिकाका नगर प्रमुख श्री अजय थापाज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो।

**उपस्थिति**

| | |
|---|---|
| श्री अजय थापा | नगर प्रमुख |
| श्री शिव कुमारी चौधरी | नगर उप प्रमुख |
| श्री खिम विक्रम के.सी. | वडा अध्यक्ष |
| श्री राम बहादुर चौधरी | वडा अध्यक्ष |
| श्री टेकलाल सापकोटा | वडा अध्यक्ष |
| श्री नसिम अहमद खाँ | वडा अध्यक्ष |
| श्री नेत्र प्रसाद बेल्वासे | वडा अध्यक्ष |
| श्री माहेताव आलम खाँ | वडा अध्यक्ष |
| श्री अनुप कुमार चौधरी | वडा अध्यक्ष |
| श्री रिजवान अहमद | वडा अध्यक्ष |
| श्री राम गोपाल चौधरी (थारु) | वडा अध्यक्ष |
| श्री मन्जु मिश्र | वडा अध्यक्ष |
| श्री रमेश्वर प्रसाद वर्मा | वडा अध्यक्ष |
| श्री बुद्धिकला भण्डारी | सदस्य |
| श्री गंगा घर्ती मगर | सदस्य |
| श्री विष्णु कुँवर पाण्डे | सदस्य |
| श्री हेवान्चली चमार | सदस्य |
| श्री खगी सुनार | सदस्य |
| श्री सन्त कुमार धोवी | सदस्य |
| श्री प्रेम बहादुर सुनार | सदस्य |
| श्री सिमरन वि.क. | सदस्य |
| श्री बाबुराम पौडेल | सदस्य-सचिव |

बैठक मिति :२०८१।०२।१७

निर्णयहरु :

**१. समिक्षा सम्वन्धमा।**

विगतका कार्यपालिका बैठकबाट विभिन्न मितिमा भए गरेका निर्णयहरु कार्यान्वयनको अवस्था बारे छलफल तथा समिक्षा गरियो।

**२. चालु आ.व.२०८०/०८१ को हालसम्मको आय-व्यय अनुमोदन सम्वन्धमा।**

चालु आ.व.२०८०/०८१ को हालसम्म विभिन्न विषयक्षेत्रगत रुपमा भएको देहायबमोजिमको आय-व्यय अनुमोदन गर्ने निर्णय गरियो।

| आय तर्फ | | | | | |
|---|---|---|---|---|---|
| क्र. सं. | संघीय तह | राजश्व शीर्षक | अनुदान/राजश्वको किसिम | चालु आ.व.को अनुमानित | हाल सम्म प्राप्त |
| १ | नेपाल सरकार | १३३११ | समानिकरण अनुदान | १६४१००००० | १२१६१४५१० |
| २ | नेपाल सरकार | | सशर्त अनुदान | ३७०९६१००० | २७८०२०००० |
| ३ | नेपाल सरकार | | समपूरक अनुदान | ८०००००० | ४०००००० |
| ४ | नेपाल सरकार | | विशेष अनुदान | २००००००० | ५०००००० |
| ५ | नेपाल सरकार | १४१५९ | राजश्व बाँडफाँड | १५८०५२००० | १०४६७७२३८ |
| ६ | लुम्विनी प्रदेश | १३३११ | समानिकरण अनुदान | १२४२५००० | ९३१८७५० |
| ७ | लुम्विनी प्रदेश | | सशर्त अनुदान | १२४००००० | ४५००००० |
| ८ | लुम्विनी प्रदेश | | समपूरक अनुदान | १५०००००० | ४९५००००० |
| ९ | लुम्विनी प्रदेश | १४१५९ | राजश्व बाँडफाँड (सवारि साधन) | १३९९६४३७ | १७६५६५३५ |
| १० | मालपोत कार्यालय | ११३१५ | घर जग्गा रजिष्ट्रेशन | २००००००० | १९७२३२९७ |
| ११ | शिवराज नगरपालिका | ११३१३ | मालपोल/भूमिकर | ४५००००० | ३९२२२८९ |
| १२ | शिवराज नगरपालिका | ११३२१ | घर वहाल कर | ३०००००० | ३४२०७६७ |
| १३ | शिवराज नगरपालिका | ११३२२ | बहाल विटौरी कर | १०००००० | ९९६३१५ |
| १४ | शिवराज नगरपालिका | ११६११ | वसायले भुक्तानी गर्ने | २५००००० | १०८८५९७ |
| १५ | शिवराज नगरपालिका | १४१५१ | सरकारी सम्पीको वहाल | १५००००० | १५१७९३० |
| १६ | शिवराज नगरपालिका | १४१५७ | नदीजन्य पदार्थ ढुङ्गा, गिट्टि, वालुवा र माटो | ४३२००००० | ९२०५८७४ |
| १७ | शिवराज नगरपालिका | १४२१२ | कवाडी जन्य पदार्थ | १०००००० | १०११००० |
| १८ | शिवराज नगरपालिका | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ६००००० | ४७८०० |
| १९ | शिवराज नगरपालिका | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १०००००० | १६५२६६५ |
| २० | शिवराज नगरपालिका | १४२४२ | नक्सापास दस्तुर | ३०००००० | ३७०३९२८ |
| २१ | शिवराज नगरपालिका | १४२४३ | सिफारिस दस्तुर | ३०००००० | ४१९१९११ |
| २२ | शिवराज नगरपालिका | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ८००००० | ५७५००० |

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

शिवराज नगरपालिकाको कार्यालय
बहादुरगंज, कपिलवस्तु
लुम्बिनी प्रदेश

अजय थापा
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | शिवराज नगरपालिका | १४२४५ | नाता प्रमाणित दस्तुर | ३००००० | १४३५०० |
| २४ | शिवराज नगरपालिका | १४२२९ | अन्य दस्तुर | १०००००० | १३५८०९४ |
| २५ | शिवराज नगरपालिका | १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ३००००० | ४९१७० |
| २६ | शिवराज नगरपालिका | १४५२१ | प्रदुषण नियन्त्रण शुल्क र सरसफाई शुल्क | १०००००० | ० |
| २७ | शिवराज नगरपालिका | १५१११ | वेरुजु | ५००००० | १५७७३१ |
| २८ | शिवराज नगरपालिका | ११६३१ | कृषि तथा पशुजन्य वस्तुको ब्यावसायिक कारोवारमा लाग्ने कर | १३००००० | १६००००० |
| २९ | शिवराज नगरपालिका | १४८७२ | विज्ञापन कर | ५००००० | ० |
| | | | जम्मा | ८६४९३४४३७ | ६४८६५२९०१ |

व्यय तर्फ

वडा स्तरीय

| क्र.सं. | वडा | स्वीकृत बजेट | खर्च रकम रु. | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा नं.१ | ९०००००० | ६२४८०११ | ६९.४२ | |
| २ | वडा नं.२ | ९०००००० | ५४०६४०५ | ६०.६७ | |
| ३ | वडा नं.३ | ९०००००० | ५३८३५७० | ५९.७९ | |
| ४ | वडा नं.४ | ९०००००० | ३२२१२०५ | ३५.७९ | |
| ५ | वडा नं.५ | ९०००००० | ४२५९०६६ | ४७.३२ | |
| ६ | वडा नं.६ | ९०००००० | ६२८६५५२ | ६९.८५ | |
| ७ | वडा नं.७ | ९०००००० | ८९०३७१ | ९.८९ | |
| ८ | वडा नं.८ | ९०००००० | २४९९२११ | २७.७६ | |
| ९ | वडा नं.९ | ९०००००० | ४९९८९३५ | ५५.५४ | |
| १० | वडा नं.१० | ९०००००० | २०३२७१५ | २२.५८ | |
| ११ | वडा नं.११ | ९०००००० | ४५६३१०२ | ५०.७० | |
| | जम्मा | ९९०००००० | ४५७८९१४३ | ४६.२५ | |

नगर स्तरीय

| क्र.सं. | शाखा | स्वीकृत बजेट | खर्च रकम रु. | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | शिक्षा | ८३२०००००० | ५९६०२४५३ | ७१.६३ | |
| २ | स्वास्थ्य | ३५०००००० | २४९९४१४६ | ७१.४१ | |
| ३ | कृषि/पशु | १५०००००० | ६१५२६१७ | ४१.०१ | |

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

शिवराज नगरपालिकाको कार्यालय
चन्द्रौटा,कपिलवस्तु
लुम्बिनी प्रदेश

अजय थापा
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | सामाजिक विकास | ५५००००० | १३३८६१५ | २४.३३ | |
| ५ | प्रशासनिक | १२२५००००० | ७७८४४२८९ | ६३.५४ | |
| | **जम्मा** | **२६१२०००००** | **१६९९३२१२०** | **६५.०६** | |

चालु/पूँजिगत

| क्र.सं. | विवरण | स्वीकृत बजेट | खर्च रकम रु. | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | चालु | ६६५५६१००० | ४०७२६७०१३ | ६१.१९ | |
| २ | पूँजिगत | २८६०५०००० | ८६२०५३७६ | ३०.१३ | |
| | **जम्मा** | **९५१६११०००** | **४९३४७२३८९** | **५१.८६** | |

३. आ.ब.२०८१/०८२ को बजेट सिमा तथा मार्गदर्शन सम्वन्धमा।

आगामी आ.ब.२०८१/०८२ को लागि श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट सिफारिस भई आएको निम्नानुसारको कुल आय प्रक्षेपण, सुत्रमा आधारित विषयक्षेत्रगत बजेट सिमा र मार्गदर्शन अनुमोदन गरी योजना तथा कार्यक्रम तर्जुमाको लागि वडा कार्यालय, विषयगत शाखा, कार्यपालिकाका विषयगत समितिहरु र बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पठाउने निर्णय गरियो।

**आय प्रक्षेपण**

| क्र.सं. | सरकार | श्रोत | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | संघीय समानिकरण अनुदान | न्युनतम | ४७५००००० | संघबाट प्राप्त शिलिङ्ग |
| | | सुत्रमा आधारित | ११७२००००० | संघबाट प्राप्त शिलिङ्ग |
| | | कार्यसम्पादनमा आधारित | ४८००००० | संघबाट प्राप्त शिलिङ्ग |
| | | **जम्मा** | **१६९५०००००** | |
| २ | लुम्बिनी प्रदेश समानिकरण अनुदान | न्यनतम | २२५०००० | प्रदेशबाट प्राप्त शिलिङ्ग |
| | | सुत्रमा आधारित | ९७४२००० | प्रदेशबाट प्राप्त शिलिङ्ग |
| | | जम्मा | ११९९२००० | |
| ३ | संघीय सरकार | मू.अ.कर | १२३०९०६६२ | संघबाट प्राप्त शिलिङ्ग |
| | | अन्तशुल्क | ४४७०८३३८ | संघबाट प्राप्त शिलिङ्ग |
| | | **जम्मा** | **१६७७९९०००** | |
| ४ | प्रदेश सरकार | राजश्व बाँडफाँड (सवारी साधन कर) | १४०२७००० | प्रदेशबाट प्राप्त शिलिङ्ग |
| | | घर जग्गा रजिष्ट्रेसन | २५०००००० | नगरपालिका अनुमान |
| | | **जम्मा** | **३९०२७०००** | |
| ५ | शिवराज नगरपालिका | नगद मौज्दाज अल्या | ६६८२००० | आन्तरिक श्रोत |
| | | मालपोत भूमिकर सम्पत्ती कर समेत | ५०००००० | आन्तरिक श्रोत |

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | | घरबहाल कर | ४०००००० | आन्तरिक श्रोत |
| | | बहाल बिटौरी कर | १०००००० | आन्तरिक श्रोत |
| | | व्यावसायले भुक्तानि गर्ने | २०००००० | आन्तरिक श्रोत |
| | | सरकारी सम्पत्तीको वहाल बाट प्राप्त आय | २०००००० | आन्तरिक श्रोत |
| | | सरकारी सम्पत्तीको विक्री बाट प्राप्त आय | २०८००००० | आन्तरिक श्रोत |
| | | अन्य सेवा शुल्क तथा बिक्री नगर निकासि (कवाडी) | ३०००००० | आन्तरिक श्रोत |
| | | शिक्षा क्षेत्रको आम्दानी | १००००० | आन्तरिक श्रोत |
| | | अन्य प्रशासनिक सेवा शुल्क | २०००००० | आन्तरिक श्रोत |
| | | घर नक्सापास दस्तुर | ४०००००० | आन्तरिक श्रोत |
| | | सिफारिस दस्तुर | ४५००००० | आन्तरिक श्रोत |
| | | ब्यक्तिगत घटना दर्ता दस्तुर | ६००००० | आन्तरिक श्रोत |
| | | नाता प्रमाणित दस्तुर | २००००० | आन्तरिक श्रोत |
| | | प्रसासनिक दण्ड जरिवाना जफत | १००००० | आन्तरिक श्रोत |
| | | अन्य दस्तुर | १५००००० | आन्तरिक श्रोत |
| | | वेरुजु | २००००० | आन्तरिक श्रोत |
| | | प्रदुषण नियन्त्रण शुल्क र नगर सरसफाई | १०००००० | आन्तरिक श्रोत |
| | | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | २०००००० | आन्तरिक श्रोत |
| | | विज्ञापन कर | १०००००० | आन्तरिक श्रोत |
| | | जम्मा | ६१६८२००० | |
| | | कुल जम्मा | ४५०००००० | |

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्र

बैठक मिति :२०८१।०२।१७

वडा स्तरीय बजेट सिमा

| वडा स्तरीय कूल बजेट | | | १००००००००० | | न्यूनतम | | ७०००००००० | | सुत्र अनुसार | ३००००००० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल भार | | जनसंख्या भार | | आन्तरीक आय भार | | | | | |
| | २० | | ६० | | २० | | | | | |
| वडा नं. | मापन अंक (बर्ग कि.मी.) | प्रासांक | मापन अंक (जनसंख्या ) | प्रासांक | मापन अंक (राजस्व ) | प्रासांक | कूल प्रासांक | कुल बजेट शुत्र अनुसार | न्यूनतम बजेट बांडफाड | जम्मा |
| १ | ७९.४६ | ५.५९ | ९७१२ | ६.८७ | १५४२८०७ | २.८२ | १५.२८ | ४५८४०००. | ६३६३००० | १०९४७००० |
| २ | १०. | ०.७० | ५५७० | ३.९४ | ६३७८१६ | १.१६ | ५.८१ | १७४२०००. | ६३६३००० | ८१०५००० |
| ३ | ४७.६७ | ३.३६ | ९३२० | ६.५९ | ९३४३५३ | १.७१ | ११.६५ | ३४९६०००. | ६३६३००० | ९८५९००० |
| ४ | १०.७४ | ०.७६ | ८१४१ | ५.७६ | ८८५०३१ | १.६२ | ८.१३ | २४३९०००. | ६३६३००० | ८८०२००० |
| ५ | ८.४५ | ०.५९ | १५५६६ | ११.०१ | २८४६५५७ | ५.२० | १६.८ | ५०४००००. | ६३६३००० | ११४०३००० |
| ६ | १६.५९ | १.१७ | ७४०० | ५.२४ | ११३७१०३ | २.०८ | ८.४८ | २५४३०००. | ६३६३००० | ८९०६००० |
| ७ | ८.४८ | ०.६० | ४०८० | २.८९ | ४३२९५३ | ०.७९ | ४.२७ | १२८२०००. | ६३७०००० | ७६५२००० |
| ८ | ११.२८ | ०.७९ | ५७४३ | ४.०६ | ४१७८९३ | ०.७६ | ५.६२ | १६८५०००. | ६३६३००० | ८०४८००० |
| ९ | ७२.४६ | ५.१० | ७०१२ | ४.९६ | १११३४४४ | २.०३ | १२.०९ | ३६२८०००. | ६३६३००० | ९९९१००० |
| १० | ७.२७ | ०.५१ | ४५७३ | ३.२४ | ३४०४९७ | ०.६२ | ४.३७ | १३१५०००. | ६३६३००० | ७६७८००० |
| ११ | ११.६७ | ०.८२ | ७६९३ | ५.४४ | ६७०२७९ | १.२२ | ७.४९ | २२४६०००. | ६३६३००० | ८६०९००० |
| | २८४.०७ | २० | ८४८१०. | ६० | १०९५८७३३ | २० | १०० | ३००००००० | ७०००००००० | १००००००००० |

## विषयक्षेत्रगत बजेट सिमा

| सि.नं. | विषय क्षेत्र | रकम रु. |
|---|---|---|
| १ | शिक्षा | ८३५००००० |
| २ | स्वास्थ्य | ३५०००००० |
| ३ | कृषि विकास | १०००००००० |
| ४ | पशु सेवा | ५०००००० |
| ५ | सामाजिक विकास | ५५००००० |
| ६ | समपुरक म्याचिङ्ग | ३९०००००० |
| ७ | नगरस्तरीय विविध योजना तथा कार्यक्रम | १०००००००० |
| ८ | पुर्वाधार नगरस्तरीय | ४१५००००० |
| ९ | वडा स्तरीय योजना | १००००००००० |
| १० | चालु तथा प्रशासनिक कार्यालय संचालन | १२००००००० |
| ११ | आर्थिक विकास | ५००००० |
| | जम्मा | ४५००००००० |

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश

अजय थापा
नगर प्रमुख

बैठक मिति :२०८१।०२।१७

बजेट तर्जुमा मार्गदर्शन :-

१. योजना तथा कार्यक्रमको प्रस्ताव गर्दा वडा स्तरीय योजना तर्जुमा समिति र वडा समितिको निर्णय र प्रस्तावित योजना तथा कार्यक्रमको प्रमाणित प्रति उपलब्ध गराउनुपर्नेछ।

२. तोकिएको सिमा भन्दा बढी हुने गरी कार्यक्रम तथा योजना प्रस्ताव गर्न पाईनेछैन।

३. चालु आर्थिक वर्षमा संचालित क्रमागत र अधुरा आयोजना तथा कार्यक्रमलाई प्राथमिकतामा राखि प्रस्ताव गर्नुपर्नेछ।

४. खर्च प्रस्ताव गर्दा प्राप्त बजेट सिमा मध्ये ५ वटा क्षेत्रगत विषयमा बजेट विनियोजन गरी पूँजीगत तर्फ ८०% र चालु तर्फ २०% हुने गरी समष्टिगत रुपमा बजेट प्रस्ताव गरी पठाउनु पर्नेछ।

५. योजना प्रस्ताव गर्दा रु.१५,००,०००/- मा नघट्ने गरी कम्तिमा १ वटा वडा स्तरीय (गौरवका आयोजना) योजना छनोट गरी प्रस्ताव गर्नुपर्नेछ ।

६. आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा सम्पादन गरिने प्रमुख क्रियाकलाप सहित प्रस्ताव गर्नुपर्नेछ।

७. स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शनको अनुसूची-३ को आधार बमोजिम कार्यक्रम/आयोजनाहरु प्राथमिकिकरण गरी प्रस्ताव गर्नुपर्नेछ।

८. वडा स्तरमा रहेका सबै सहकारी, संघसंस्था र सामुदायिक वन समेतको वार्षिक योजना माग गरी त्यस्ता योजनामा नदोहोरिने गरी योजना तथा कार्यक्रम प्रस्ताव गर्नुपर्नेछ।

९. कार्यक्रम तथा योजना पेश गर्दा नाफामूलक संस्थालाई सामाग्री वितरण वा संरचना निर्माण सम्बन्धी कार्यमा आर्थिक लगानी हुनेखालका योजना प्रस्ताव गर्न पाईनेछैन।

१०.दोहोरो अर्थ लाग्ने तथा दोहोरो पर्ने गरी आयोजना प्रस्ताव नगरी स्पष्ट परिभाषित क्रियाकलापहरु राखि प्रस्ताव पेश गर्नुपर्नेछ।

११.शिक्षा, स्वास्थ्य, कृषि, पशु जस्ता लक्षित कार्यक्रमहरु छनोट गर्दा शाखासँग सम्बन्वय गरी छनोट गर्नुपर्नेछ।

१२. उपभोक्ता समितिबाट सम्पादन हुने योजनामा कम्तिमा १० प्रतिशत जनसहभागिता हुने गरी कार्यक्रम योजना प्रस्ताव गर्नुपर्नेछ।

१३. योजना तथा कार्यक्रम प्रस्ताव गर्दा स्पष्ट रुपमा चालु र पूँजिगत रुपमा छुट्याउनु पर्नेछ।

१४.प्रस्ताव गर्ने योजना दिगो विकास लक्ष्यका १७ वटा लक्ष्य मध्ये कुन लक्ष्य सँग सम्वन्धित छ स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

१५.योजना तथा कार्यक्रमको प्रस्ताव गर्दा युनिकोडमा टाईप गरिएको ईलेक्ट्रोनिक प्रति समेत उपलब्ध गराउनुपर्नेछ।

१६. योजना तथा कार्यक्रम छनौट गर्दा जनसहभागितामूलक तरिकाले छनौट गर्नु पर्नेछ। एक पटक छनौट गरी पेश भएको योजना तथा कार्यक्रम संसोधन हुने छैन।

१७.योजना तथा कार्यक्रम छनौट गर्दा विभिन्न कोषको नाममा अवण्डा राखि प्रस्ताव गर्न तथा वडा र शाखासँग दोहोरोपना हुने गरी छनौट गरी पेश गर्न पाइने छैन।

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

शिवराज नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, चौतारा, कपिलवस्तु, लुम्बिनी प्रदेश

अजय थापा
नगर प्रमुख

बैठक मिति :२०८१।०२।१७

४. **योजना सम्झौताको म्याद थप सम्वन्धमा।**

चालु आ.व.२०८०/०८१ मा उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने गरी सम्झौता भएका धेरै जसो योजनाहरुको सम्झौता म्याद मिति २०८१ बैशाख मसान्त र जेष्ठ १५ भित्र समाप्त भई सकेकोमा उपभोक्ता समितिहरुबाट विभिन्न कारण जनाई सम्झौता म्याद भित्र कार्य सम्पन्न हुन नसकेकोले म्याद थप गरिदिनु हुन भनि निवेदन पेश गरेको हुँदा उल्लेखित योजनाहरुको सम्झौता म्याद मिति २०८१ जेष्ठ ३० गते सम्म थप गर्ने निर्णय गरियो।

५. **छाडा पशु चौपाया व्यवस्थापन सम्वन्धमा।**

यस नगरपालिका क्षेत्रभित्र रहेका छाडा पशु चौपाया व्यवस्थापन कार्य गर्न दोस्रो पटक मिति २०८१/०२/०४ मा प्रस्ताव आह्वान सम्वन्धि ५(पाँच) दिने सूचना प्रकासित गरिएकोमा सूचनाको म्यादभित्र राईजिङ्ग स्टार युवा क्लव,शिवराज-५ कपिलवस्तु र जनश्रम कृषि सहकारी संस्था लिमिटेड, शिवराज-९ कपिलवस्तु गरी २(दुई) वटा संस्थाहरुबाट प्रस्ताव पेश हुन आएकोमा उल्लेखित प्रस्तावहरु मध्ये जनश्रम कृषि सहकारी संस्था लिमिटेडले पेश गरेको प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएकोले छाडा चौपाया व्यवस्थापन कार्य अन्तर्गत प्राविधिक लागत अनुमान बमोजिम टिनको टहरा निर्माण कार्यको लागि रु.४ लाख, तारवार निर्माण कार्यको लागि रु.३ लाख तथा घाँस/पराल/दाना/हेरालु लगायतका अन्य कार्य वापत प्रति जिउ पशु मासिक रु.८,००/- को दरले भुक्तानी हुने गरी उक्त संस्थासँग सम्झौता गरी छाडा पशु चौपाया व्यवस्थापन कार्य गर्ने गराउने निर्णय गरियो।

६. **COPOMIS तालिम संचालन सम्वन्धमा।**

चालु आ.व.२०८०/०८१ को नगर स्तरीय विविध योजना तथा कार्यक्रम अन्तर्गत राष्ट्रिय/अन्तराष्ट्रिय सहकारी दिवस कार्यक्रम शिर्षकमा बजेट रु.१(एक) लाख विनियोजन भएकोमा उल्लेखित दिवसिय कार्यक्रम सम्पन्न भईसकेको र कार्यक्रम संचालन गर्दा केही रकम खर्च भई सो शिर्षकमा रकम रु.७३,०००/- बाँकी रहेकोले उल्लेखित शिर्षकबाट खर्च हुने गरी सहकारी संस्थाका व्यवस्थापकहरुलाई COPOMIS तालिम र सहकारी संस्थाका अध्यक्ष र प्रतिनिधिहरुसँग अन्तरक्रिया तथा समिक्षा कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

७. **बिज्ञापन कर सम्वन्धमा।**

चालु आ.व.२०८०/०८१ मा विज्ञापन कर संकलन कार्यको लागि तेस्रो पटक शिलवन्दी दरभाउ-पत्र आह्वान सम्वन्धि सूचना प्रकासन गर्दा समेत विज्ञापन कर असुली कार्यको ठेक्का बन्दोवस्त हुन नसकेकोले चालु आर्थिक वर्षको आर्थिक ऐनमा ब्यवस्था भए बमोजिमको दररेटमा कार्यालयबाट जनशक्ति परिचालन गरी विज्ञापन कर असुली कार्य गर्ने निर्णय गरियो।

८. **नगरपालिकाको प्रशासकीय भवनमा पूर्वाधार निर्माण कार्य सम्वन्धमा।**

यस नगरपालिकाको प्रशासकीय भवन जाने सडक तथा भवन अगाडीको खाली मैदानमा बर्षाद शुरु हुनु अगावै लकिङ्ग ब्लक जडान, सवारी पार्किङ्ग स्ट्याण निर्माण र भान्साघर निर्माण लगायतका कार्य गर्नुपर्ने भएकोले चालु आ.व.२०८०/०८१ को कन्टेन्जेन्सी शिर्षकबाट अधिकतम रु.९ लाखको खर्च सिमामा नबढ्ने गरी उल्लेखित कार्य गर्ने गराउने निर्णय गरियो।

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

शिवराज नगरपालिकाको कार्यालय
चन्द्रौटा,कपिलवस्तु
लुम्बिनी प्रदेश

अजय थापा
नगर प्रमुख